# विश्वविद्यालय अनुदान आयोग

## शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्

### शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका सम्बन्धि अत्यन्त जरुरी सूचना

**प्रकाशन मितिः २०८१/०७/०८**

विश्वविद्यालय अनुदान आयोग अन्तर्गत शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धि कार्यलाई थप व्यवस्थित एवं प्रभावकारी रुपले संचालन गर्न मिति २०८१ भदौ १ गतेबाट लागु हुने गरि **'शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका, २०८१'** स्वीकृत भई कार्यान्वयनमा रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ। उक्त निर्देशिकामा शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीमा आबद्धता तथा प्रक्रियागत प्रगतिका लागि विभिन्न समय सीमा निर्धारण गरिएको छ । यसै सन्दर्भमा, जारी निर्देशिका तथा निर्देशिकाको पूर्ण कार्यान्वयनको सिलसिलामा गरिएका विभिन्न व्यवस्था (नियमित, अन्तरिम र शुल्क) सम्बन्धि सार्वजनिक जानकारी प्रेषित गर्न यो सूचना जारी गरिएको छ । विस्तृत जानकारी यसै सूचना साथ संलग्न अनुसूचीहरुमा उल्लेख गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिदेखि लागु हुने गरि अनुसूचीहरुमा उल्लेख भए अनुसारको समय सीमा भित्र आफ्नो संस्थाको वर्तमान स्थितिको बारेमा यकीन जानकारी सचिवालयमा सम्पर्क गरि प्राप्त गर्न तथा तालिकाहरुमा उल्लेख भए बमोजिमका व्यवस्थाहरु आकर्षित भएमा आवश्यक कागजात सहित निर्धारित प्रक्रिया पुरा गरी सचिवालयमा आवेदन गर्नुहुन अनुरोध छ । गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको एकै चरणमा पाँच वर्ष वा सो भन्दा बढी समय व्यतित गरेका संस्थाहरुको प्रक्रिया स्वतः निस्क्रिय भइ रद्द भएको मानिने अन्तरिम व्यवस्था बमोजिम त्यस्ता संस्थाहरुले पूनः प्रक्रिया प्रारम्भ गर्न चाहेमा अद्यावधिक तथ्यांक र कागजात सहित सचिवालयमा आवेदन गर्न सकिने व्यहोरा पनि जानकारीका लागि अनुरोध छ ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा आयोगको वेभसाइटमा रहेको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका, २०८१ अध्ययन गरि प्राप्त गर्नुहुन वा शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचिवालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।


**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् सचिवालय**

**विश्वविद्यालय अनुदान आयोग**

सानोठिमी, भक्तपुर, नेपाल

इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बरः १०७९६ (काठमाण्डौं, नेपाल)

फोन : ०१—६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१—६६३८५५२


विश्वविद्यालय अनुदान आयोग २०५१ UNIVERSITY GRANTS COMMISSION 1994

८१/०७/०८

## अनुसूची १: निर्देशिका कार्यन्वयनका लागि गरिएका व्यवस्थाहरु

तालिका नं १

**आशय पत्र स्वीकृति देखि परीक्षणको अन्तिम भ्रमण सम्पन्न पश्चातको प्रतिवेदन पेश गर्ने समय सीमा ।**

| चरणहरु | समयावधि | थप हुने समयावधि | कैफियत |
|---|---|---|---|
| आशयपत्रको स्वीकृति पछि स्व-अध्ययन प्रतिवेदन पेश गर्ने | आशयपत्र स्वीकृत भएको ६ (छ) महिना भित्र | मनासिब कारण सहित म्याद थपको निवेदन प्राप्त भएमा अध्यक्षज्यूको स्वीकृतिले ३ (तीन) महिना समय थप हुने। | |
| **प्राविधिक समितिले स्व-अध्ययन प्रतिवेदनको पुनरावलोकन तथा स्वीकृत गर्दा ।** | | | |
| स्व-अध्ययन प्रतिवेदनमा पृष्ठपोषण दिएमा वा कारण सहित अस्वीकृत गरेमा | सचिवालयलले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित संस्थालाई जानकारी गराउनु पर्ने । | | |
| उच्च शैक्षिक संस्थाले सचिवालय मार्फत पृष्ठपोषण प्राप्त गरेमा | संस्थाले ३ (तीन) महिनाभित्र पृष्ठपोषण अनुसारका प्रगति /अद्यावधिक स्व-अध्ययन प्रतिवेदन पेश गर्नुपर्नेछ। अन्यथा, प्रत्यायन प्रक्रिया स्वतःरद्द हुनेछ । | | रद्द प्रक्रिया पुनःसुचारु गर्न शुल्क सहित ३ (तीन) महिना भित्र प्रतिवेदन बुझाउनुपर्नेछ र शुल्क बुझाएको मितिले तीन महिना पछि मात्र प्रत्यायन प्रक्रिया पुनः सुचारु गर्न सकिनेछ । |
| **समकक्षी परीक्षणका विभिन्न भ्रमण पश्चात प्रगति प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।** | | | |
| पूर्व परीक्षणको प्रगति प्रतिवेदन पेश गर्ने, | पूर्व परीक्षण भ्रमण सम्पन्न भएको ५ (पाँच) महिना भित्र | मनासिब कारण सहित म्याद थपको निवेदन प्राप्त भएमा अध्यक्षज्यूको स्वीकृतिले ३ (तीन) महिना समय थप हुने र सो अवधिसम्म प्रतिवेदन प्राप्त नभएमा प्रक्रिया स्वतः रद्द हुनेछ । | त्यसरी प्रकृया रद्द भएको संस्थाले प्रत्यायन प्रक्रिया पुनः सुचारु गर्न तोकिएको शुल्क सहित तीन महिना भित्र प्रतिवेदन बुझाउनुपर्नेछ। यसरी प्रतिवेदन प्राप्त भएको मितिले तीन महिना पछि मात्र प्रत्यायन प्रक्रिया पुनः सुचारु हुनेछ । |
| पूर्ण परीक्षणको प्रगति प्रतिवेदन पेश गर्ने, | पूर्ण परीक्षण भ्रमण सम्पन्न भएको ३ (तीन) महिना भित्र अल्पकालिन सुझाव अनुसार कार्य सम्पन्न साथै दीर्घकालिन सुझावमा कार्यान्वयन योजना सहित प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । | विशेष कारण परी कार्य सम्पन्न गर्न समय थप गर्न निवेदन प्राप्त हुन आएमा सोको विश्लेषण गरी बढिमा तीन महिनाको अवधि थप गर्न सकिनेछ। सो अवधिसम्म प्रतिवेदन प्राप्त नभएमा प्रक्रिया स्वतः रद्द हुनेछ। | |
| पूरक परीक्षणको प्रगति प्रतिवेदन पेश गर्ने । | पूरक परीक्षण सम्पन्न भएको ३ (तीन) महिनाभित्र कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । | | |

तालिका नं २

<u>अन्तरिम व्यवस्था अनुरुप थप हुने समय सीमा सम्बन्धि विवरण</u>

| क्र.सं. | विवरण | अन्तरिम व्यवस्था बमोजिम थप समयावधि | कैफियत |
|---|---|---|---|
| | **(क) निर्देशिका लागूहुनु पूर्व आशयपत्र स्वीकृत भई देहाएको समयावधि पुरा भएका उच्च शैक्षिक संस्थाहरु** | | |
| १. | पछिल्लो ५ वर्ष वा सो भन्दा बढी अवधिमा पनि परीक्षणको एक चरणबाट अर्को चरणमा प्रवेश नगरेका उच्च शैक्षिक संस्थाहरुको हकमा | - | सोही प्रकृयाबाट निश्कृय हुने |
| २. | आशय पत्र स्वीकृत भएको एक वर्ष पुरा नभएका संस्थाहरु | आशय पत्र स्वीकृत भएको मितिले १ वर्ष भित्र स्व-अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने, सो समयमा स्व-अध्ययन प्रतिवेदन पेश गर्न नसकेमा निर्धारित शुल्क बुझाई ३ महिना समय थप गर्न सकिने । | निर्धारित थप समयावधिमा समेत प्रतिवेदन पेश नभएमा प्रकृया रद्द हुनेछ । |
| ३. | आशय पत्र स्वीकृत भएको एक वर्ष समय पुरा भई छ महिना म्याद थप भएका तर एक वर्ष छ महिना पुरा नभएका संस्थाहरु | सूचना प्रकाशित भएको मितिले तीन महिना भित्र स्व-अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने । | निर्धारित समयावधिमा प्रतिवेदन पेश नभएमा प्रकृया रद्द हुनेछ र आशय पत्र बुझाएका संस्थाहरुको सूचि बाट हटाइने ( Delist) छ । |
| ४. | एक वर्ष छ महिना पुरा भई रु १०,००० शुल्क बुझाई नियमानुसार नवीकरण भएका संस्थाहरु | नवीकरण भएको मितिले एक वर्ष भित्र स्व-अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने । | |
| ५. | आशय पत्र स्वीकृत गराई १ वर्ष ६ महिना (म्याद थप सहित) साथै आशयपत्र पुनः स्वीकृत गराइ/ नवीकरण गरि एक वर्ष पुरा भएका तर हालसम्म स्व-अध्ययन प्रतिवेदन (SSR) पेश गर्न नसकेका सबै संस्थाहरु | सूचना प्रकाशित भएको मितिले तीन महिना भित्र निर्धारित शुल्क बुझाई आशय पत्र नवीकरण गर्नुपर्ने । | |
| | **(ख) प्राविधिक समितिबाट स्व-अध्ययन प्रतिवेदनमा सुझाव प्राप्त गरेका उच्च शैक्षिक संस्थाहरु** | | |
| ६. | सचिवालयबाट सुझाव प्राप्त भएको तीन महिना पुरा भएका तर आवश्यक प्रतिवेदन पेश नगरेका संस्थाहरु | सूचना प्रकाशित भएको मितिले तीन महिना भित्र प्रगति प्रतिवेदन/अद्यावधिक स्व-अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने । | |
| | **(ग) समकक्षी परीक्षणका (पूर्व, पूर्ण र पूरक) भ्रमण सम्पन्न भएका उच्च शैक्षिक संस्थाहरु** | | |
| ७. | समकक्षी परीक्षणको पूर्व भ्रमण सम्पन्न भई ५ महिना पुरा भएका तर समकक्षी परीक्षण टोलिले दिएको सुझावमा आवश्यक कार्य गरी प्रगति प्रतिवेदन पेश नगरेका संस्थाहरु | सूचना प्रकाशित भएको मितिले तीन महिना भित्र प्रगति /अद्यावधिक स्व-अध्ययन प्रतिवेदन प्रतिवेदन पेश गर्नुपर्ने । | निर्धारित शुल्क बुझाई थप १ महिना समय थप हुने । सो समयावधि भित्र प्रतिवेदन पेश नभएमा प्रकृया रद्द हुनेछ र पुनः नियमानुसार आशयपत्र पेश गर्नुपर्नेछ । |
| ८. | समकक्षी परीक्षणको पूर्ण र पूरक भ्रमण सम्पन्न भई तीन महिना पुरा भएका तर समकक्षी परीक्षण टोलिले दिएको सुझावमा आवश्यक कार्यगरी प्रगति प्रतिवेदन पेश नगरेका संस्थाहरु | | |

## तालिका नं ३

## शुल्क सम्बन्धी व्यवस्था

| क्र.स | चरणहरु | प्रस्तावित शुल्क | कैफियत |
|---|---|---|---|
| निर्देशिकाको दफा ३५ को उपदफा २ , क) आशय पत्र सम्बन्धी आवेदन वा नवीकरण शुल्क | | | |
| १ | पहिलो पटक आशय पत्र पेश गर्दा, | रु. २००० (दुई हजार) | हाल कार्यान्वयनमा रहेको व्यवस्था, |
| २ | आशय पत्र नवीकरण शुल्क | रु.१०००० (दश हजार ) | |
| ३ | आशय पत्र रद्द भई पुनः प्रकृयामा आवद्ध हुने संस्थाहरुको लागि आशयपत्र पेश गर्दा लाग्ने शुल्क, | रु.१२००० (बाह्र हजार ) | |
| विलम्ब शुल्क | | | |
| ४ | प्रत्यायन प्रकृयाका विभिन्न चरणमा निर्धारित समयावधि भित्र प्रतिवेदन पेश गर्न असमर्थ संस्थाहरुका लागि थप गरिएको समयावधिका लागि विलम्ब शुल्क | रु ३००० (तीन हजार) | |
| अन्तरिम व्यवस्थाका लागि विलम्ब शुल्क | | | |
| ५ | निर्देशिका लागु हुनु पूर्व आशयपत्र स्वीकृत भई निर्धारित समयभित्र स्व-अध्ययन प्रतिवेदन पेश गर्न नसकेका संस्थाहरुका लागि अन्तरिम व्यवस्था अनुसार अध्यक्षस्तरीय निर्णयबाट थप गरिएको समयका लागि विलम्ब शुल्क, | रु १०००० (दश हजार ) | सूचना प्रकाशित भएको मितिले थप समय तीन महिना निर्धारण गरिएको । |
| ६ | प्राविधिक समितिबाट स्व-अध्ययन प्रतिवेदनमा सुझाव प्राप्त गरेका, पूर्व, पूर्ण र पूरक भ्रमण सम्पन्न भएका, भ्रमण सम्पन्न भएका तर निर्धारित समयावधि भित्र प्रतिवेदन/ स्व-अध्ययन प्रतिवेदन पेश गर्न असमर्थ संस्थाहरुका लागि थप गरिएको समयावधिका लागि विलम्ब शुल्क | रु ३००० (तीन हजार) | विलम्ब शुल्क बुझाइ थप हुने समय एक महिना निर्धारण गरिएको । |

अनुसूची २:

गुणस्तर सुनिश्चितता तथा प्रत्यायन ५ वर्ष वा सो भन्दा बढी अवधिमा पनि परीक्षणको एक चरणबाट अर्को चरणमा प्रवेश नगरेका संस्थाहरुको प्रकृया स्वतः निस्क्रिय भइ रद्द भएका उच्च शैक्षिक संस्थाहरुको नामावली

| S.No. | Name of the Institutions | Address |
|---|---|---|
| 1 | Amrit Campus | Kathmandu |
| 2 | B.S.T. College | Kathmandu |
| 3 | Central Campus of Engineering | Surkhet |
| 4 | Central Campus of Education | Surkhet |
| 5 | Central Campus of Humanities and Social Sciences | Surkhet |
| 6 | Central Campus of Science and Technology | Surkhet |
| 7 | Central Department of Home Science, TU | Kathmandu |
| 8 | Chaturdev Hira Surendra Purna Campus | Mugu |
| 9 | Faculty of Animal Science, Veterinary Science and Fisheries | Chitwan |
| 10 | Lumbini Academic College | Kathmandu |
| 11 | Master's Program in Social Work | Kathmandu |
| 12 | Danfe College | Kathmandu |
| 13 | PU College of Medical & Allied Sciences | Morang |
| 14 | Nawajagaran Multiple Campus | Nawalparasi |
| 15 | Nepal Kasthamandap College | Kathmandu |
| 16 | Oxford college of Engineering and Management | Nawalparasi |
| 17 | Rapti Engineering College | Dang |
| 18 | Saraswati Multiple Campus | Sindhuli |
| 19 | Saraswati Multiple Campus | Kailali |
| 20 | Siddhanath Science Campus | Mahendranagar |
| 21 | Tribhuvan Multiple Campus | Palpa |
| 22 | Tribhuvan University Central Department of Physics | Kathmandu |
| 23 | Tribhuvan Aadarsha Multiple Campus | Syangja |
| 24 | Central Campus of Management | Surkhet |
| 25 | Himalaya College | Kathmandu |
| 26 | Republica College | Lalitpur |
| 27 | Orient Colege of Higher Education | Kathmandu |
| 28 | Millenium Model Campus | Chitwan |
| 29 | PU Giraja Prasad Koirala College of Agriculture & Research Centre (GPCAR) | Morang |
| 30 | Diyalo College | Chitwan |
| 31 | Nepal Law Campus | Kathmandu |
| 32 | Central Campus, Lumbini Buddhist University | Rupandehi |
| 33 | Aayaam International College | Lalitpur |
| 34 | College of Applied Business (CAB) | Kathmandu |



८१।०६।०२